# आ.व २०८१।८२ को वार्षिक प्रगति समीक्षा गोष्ठी

मिति २०८२।०५।२३ गते


<u>प्रस्तुतकर्ता</u>

**खुम वहादुर के सी**

प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका, लुहाम, सल्यान

# परिचय :

त्रिवेणी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाका साविकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र अरने खोलाको संगम स्थल त्रिवेणीको नामबाट यस गाउँपालिकाको नाम त्रिवेणी रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, उत्तरमा छत्रेश्वरी गाउँपालिका र दक्षिणमा तथा पश्चिममा कालीमाटी गाउँपालिका र दाङ जिल्ला पर्दछ ।

# दरबन्दी तथा पदपुर्ति विवरण

| क्र.सं. | पदनाम | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | लो.से.आ.मा माग संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | प्र.प्र.अ. | १ | १ | | ० | |
| | अधिकृत तह (प्रशासन.) | ४ | २ | २ | ० | |
| | अधिकृत तह (प्राविधिक) | ५ | ४ | १ | ० | |
| | सहायक पाँचौं (प्रशासन) | १० | ७ | ० | ० | बढुवाको लागि प्रतिशत निर्धारण भएकोले |
| | सहायक पाँचौं (प्राविधिक) | ८ | ४ | | ४ | |
| | सहायक चौथो (प्रशासन) | ५ | ५ | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहायक चौथो (प्राविधिक) | ११ | ७ | ४ | ० | |
| | सवारी चालक | ४ | ४ | ० | ० | |
| | नगर प्रहरी | ५ | ४ | | १ | |
| | कार्यालय सहयोगी | १० | १० | ० | ० | वडा कार्यालय सहित |
| | **४ वटा स्वास्थ्य चौकीतर्फ**<br>अधिकृत तह | २ | २ | ० | ० | |
| | चौथो/पाँचौं तह | १८ | १८ | ० | ० | |
| | कार्यालय सहयोगी | ९ | ९ | ० | ० | |

जम्मा दरबन्दी ९२ जना मध्ये २८ जना नगर प्रहरी, सवारी चालक पालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था तर्फका का.स.। जसमध्ये पदपुर्ति ७७ जना । अन्य बढुवा तथा लोकसेवा आयोगमा माग ।


# आय (आम्दानी) विवरण

| शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|
| **संघिय सरकार** | | | |
| समानीकरण अनुदान | ७,९२,००,००० | ७,२६,७३,९२० | |
| शसर्त अनुदान चालु | १४,९७,०९,००० | १२,६८,६२,६८७.३६ | |
| शसर्त अनुदान पुजीगत | ४,४४,००,००० | ३,७५,२७,३४१ | |
| बिशेष अनुदान | | | |
| समपुरक अनुदान | १,२५,००,००० | ७,८४,७४० | |

| शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|
| **प्रदेश सरकार** | | | |
| समानीकरण अनुदान | ८३,६६,००० | ८३,६६,००० | |
| शसर्त अनुदान चालु | १४,१८,००० | १२,२६,०३० | |
| शसर्त अनुदान पुजीगत | १,१५,००,००० | १,१४,७८,११२ | |
| बिशेष अनुदान | | | |
| समपुरक अनुदान | | | |
| **राजस्व वाडफाड** | ८,४३,९४७ | ७,५७,८३५.१६ | |
| **आन्तरिक श्रोत** | | | |

# व्यय (खर्च) विवरण

| शिर्षक | बार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत | कै |
|---|---|---|---|---|
| चालु | २८,२०,६१,९४७ | २३,७५,१३,८६३.८८ | ८४.२१ | |
| पुजिगत | १४,७२,५०,००० | १०,४५,२२,४४५ | ७०.९८ | |
| जम्मा | ४२,९३,११,९४७ | ३४,२०,३६,३०८.८८ | ७९.६७ | |



# क्षेत्रगत बजेट तथा खर्च

| क्षेत्र / उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **आर्थिक विकास** (कृषि, उद्योग, जलस्रोत तथा सिचाइ, पशुपन्छी विकास ) | ३,१८,२०,००० | २,९४,८७,९६६ | ९६.२३ |
| **सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैंगिक समानता तथा समावेशीकरण, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण) | २०,५६,९२,००० | १७,४१,४७,३५९ | ८१.८० |
| **पूर्वाधार विकास** (यातायात पूर्वाधार, भवन तथा सहरी विकास, उर्जा, संचार तथा सूचना प्रविधि, पुनर्निर्माण) | ११,४७,०५,००० | ७,६०,५०,४९७ | ६९.७० |
| **सुशासन तथा अन्तरसम्बन्धीत** (विपद व्यवस्थापन, तथ्याङ्क प्रणाली, गरिवि निवारण, श्रम तथा रोजगारी, प्रशासनीय सुशासन , वित्तिय सुशसान | २८,२९,००० | २५,९१,९०६ | ८७.४९ |
| **कार्यालय संचालन तथा प्रशासनिक** | ८,९९,४८,४६४ | ७,१४,१०,५११ | ८१.८४ |

# अन्तरसरकारी हस्तान्तरण

| कार्यक्रमको नाम | बजेट रकम | खर्च रकम | कै. |
|---|---|---|---|
| गरिबसँग बिश्वेश्वर कार्यक्रम | ४,१५,००० | ४,१४,०३९ | |
| सामाजिक सुरक्षा तथा संरक्षण | ७,१२,३२,४२४ | ७,०३,९९,०८९ | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४,५०,००० | २,१०,००० | |
| स्थानीय तह प्रशसकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३०,००,००० | १७,१५,७६९ | |
| जनयुद् तथा प्रदेश स्थापनामा घाइते अपाङ्ग र बेपत्ता भएका परिवारलाइ सहिद स्मृर्ति भत्ता | २,८८,००० | २,८८,००० | |

# बेरुजु तथा फछ्यौंटको अवस्था

## आ.व २०७९।८० को बेरूजूको अवस्था

| **जम्मा बेरूजू** | **३,७३,०७,०००** |
|---|---|
| असूल गर्नुपर्ने | २०,९८,००० |
| प्रमाण पेश गर्नुपर्ने | ३३,४२,००० |
| नियमित गर्नुपर्ने | २,९९,१५,००० |
| पेश्कि बेरूजू | १८,०९,००० |

| **चालु आव सम्मको बेरूजुको अवस्था रू.** | **फछ्यौंटको अवस्था** | |
|---|---|---|
| | फछ्यौंट भएको रू. | फछ्यौंट प्रकृया रू. |
| १६,५५,६७,००० | १,४२,००० | ८,३७,९२,७७१ |

# शिक्षा युवा तथा खेलकुद शाखा

•स्थानीय पाठयक्रम निर्माण कक्षा १-८ तथा पाठयपुस्तक १-५ सम्म निर्माण ।

•शिक्षक दरबन्दि मिलान तथा व्यवस्थापन,

•शैक्षिक संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण, कक्षा अवलोकन, नमुना कक्षा प्रदर्शन, शिक्षकको पेशागत सिप विकास

•वि.व्य.स. तथा शि.अ.स. का पदाधिकारीहरुलाई तालिम,

•विज्ञान प्रयोगशाला तथा आइ.सि.टि. ल्याव निर्माण तथा तालिम

- एकिकृत पाठयक्रममा आधारित पाठयक्रम प्रबोधिकरण तालिम,
- रुम टु रिड सँगको सहकार्यमा विभिन्न ६ वटा विद्यालयहरुमा बसाई व्यवस्थापन तथा कक्षा पुस्तकालय निर्माण ।
- Real plan सँगको सहकार्यमा द्रुत शिक्षण,
- विपन्न, असहाय,अनाथ बालबालिकाका लागि छात्रबृत्ति कार्यक्रम
- अध्यक्षकप तथा राष्ट्रपति रनिङशिल्ड सञ्चालन
- जिल्ला स्तरिय भलिवल छनोट प्रतियोगिता
- क्रिकेट खेल सञ्चालन

# स्वास्थ्य शाखा

- PNC Home visit, महिला स्वास्थ्य स्वयम सेविका दिवस, जेष्ठ नागरिक घरभेट कार्यक्रम, स्वास्थ्यकर्मिहरुलाई HMIS र eLIMS तालिम सम्पन्न ।
- गर्भवती महिलाहरुको लागि भिड्यिो एक्सरे सेवा,
- स्वास्थ्य चौकिलाई आवश्यक औषधी आपुर्ति
- गर्भवती जाँच गर्न आउने महिलाहरुलाई आयोडिन नुन र साबुन् वितरण
- त्रिवेणी स्वास्थ्य चौकीमा एम वि वि एस डाक्टर सहित, भिडियो एक्सरे र एनालाइजर मेसिन खरिद गरी ल्याव सेवा सञ्चालन

- ३६५ दिन नै स्वास्थ्य संस्था खुल्ला रहने
- निशुल्क एम्बुलेन्स सेवा सञ्चालन,
- अभिलेख व्यवस्थापनका लागि EHIRRS प्रणाली,
- प्रजनन स्वास्थ्य रुग्नता शिविर सञ्चालन(पाठेघरको मुखको क्यान्सर,अब्सट्रेटिक फिस्टुला, स्तन क्यान्सर, आङ खस्ने समस्या)
- सुनौला हजार दिनभित्रका आमा तथा बच्चाहरुका लागि पोषणयुक्त खाद्यान्न सामाग्री वितरण,
- पालिकाको पोषण प्रोफाइल निर्माण,
- बृहत्त पोषण लेखाजोखा शिविर

# कृषि शाखा

•कृषकको उत्पादन गाँउपालिकाको अनुदान कार्यक्रम अन्तर्गत अनुदान वितरण गरि ( तरकारी २६३३.१४ क्वीन्टल निर्यात गरी१११५८४२८ ।बराबर को आम्दानी भएको । साथै व्यवसायिक फलफूल प्रवर्द्धन कार्यक्रम अन्तर्गत अनुदान वितरण गरी (सुन्तला २५४८ क्वीन्टल निर्यात गरि रकम रु ११३०४००० ।आम्दानी भएको )

•५०%अनुदानमा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम मार्फत २२ वटा मिनिटिलर र १२ वटा कम्वाइल मिल ३२ जना कृषकहरुलाइ वितरण गरिएको ।

•९०० जना सुनौला हजार दिनका आमाहरुलाई पोषिला तरकारीका वीउविजन साथै हजारी ९०० सेट वितरण गरियो ।(काक्रा कामिनी, करेला पाली,लौका हाइव्रिड अनमोल, भिण्डी अर्काअनामिका , सिमी फ्रेन्च विन, बोडी तने , फर्सि जुकेनी र धनिया कलमी)

•माटो परिक्षणका लागि मिनि ल्याव व्यवस्थापन तथा परिक्षण शिविर सञ्चालन ।

## पशु सेवा शाखा

- २० हजार कुखुरालाई रानीखेत र गम्बोरो खोप, ४३० वटा कुकुरलाई रेबिज खोप, ४९२ गाईगोरुलाई लम्पी स्किन, १५०० गाईभैसीलाई एफ. एम. डी , १५ हजार डोज बाख्रामा पि.पि.आर खोप,

- कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तर्गत सहकारी मार्फत ७१८ (२४३२१ के.जी)खसी बिक्री गरी २,३६,३०,६२९|- रकम बराबरको खसी निर्यात गरिएको छ |

•५६१ कृषकहरुका १३६१२ पशुपन्छीहरुलाई निःशुल्क उपचार तथा औषधी वितरण गरिएको,

•गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमबाट ६ जना कृषकहरुलाई पुरस्कृत गरिएको,

•२५ वटा भैसी, ११ वटा गाई र ४ वटा बाख्रामा कृतिम गर्भाधान सेवा उपलब्ध गराइएको छ ।

पशु बीमा प्रिमियममा ५०% अनुदान कार्यक्रम अन्तर्गत पालिका भित्रका कृषकहरुले पाल्दै आएका २४३८ **पशुपन्छीको बीमा** गरी १,२४,२७,१२० रुपैया बराबरको पशुधनको बीमा गरिएको छ ।

•सुनौला हजार दिनका आमाहरुलाई कुखुरा वितरण कार्यक्रम ६ वटै वडाका ८८५ जना आमाहरुलाई ३२०० ब्ल्याक अस्ट्रोलोप र न्यु हेम्पासायर जातका कुखुरा वितरण ४४३ के.जी दाना, १४ बक्स एन्टिबायोटिक, ९ बक्स जुकाको औषधी वितरण,

# पशुजन्य उत्पादन बार्षिक

| सि. नं | विवरण | इकाइ | उत्पादन |
|---|---|---|---|
| १ | दुध | लि. | ४९४४८० |
| २ | माछा | के.जी | १३३०० |
| ३ | मासु | के.जी | २१४००० |
| ४ | अण्डा | गोटा | ४०८४३५ |

# सेवाको विवरण

| उपचारको किसिम | उपचार गरिएका पशुपन्छी संख्या |
|---|---|
| मेडिकल उपचार तथा औषधी वितरण (१२४७४ कृषक संख्या) | ३ ,६३,०८४ |
| माईनर सर्जिकल उपचार | १८० |
| मेजर सर्जिकल उपचार | ० |
| बन्ध्याकरण | ३४८ |
| प्रयोगशाला सेवा | १५० |
| जम्मा | ३,६३,७६२ |

# योजनाको विवरण

| क.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | पालिका गौरवका आयोजनाहरु | २ वटा | प्रशासकीय भवन, १० शैया स्वास्थ्य भवन |
| २ | ५० लाख देखि २ करोड सम्मका योजनाहरु | ४ वटा | कोल्चौर खज्जर अनरुद्र सडक, लुहाम फलावाङ मखन टाकुरी सडक, लुहाम ढोरचौर सडक, सल्लेखोला सिम्क सडक, ६ नं. वडा कार्यालय भवन |

| | | | |
|---|---|---|---|
| ३ | **बोलपत्र,दरभाउ पत्र आह्वान,सोझै खरिद मार्फत संचालित आयोजनाहरु** | **६ वटा** | **वडा नं.२ र ३ का सडकहरु, सिम्क फल्ड निर्माण, हाईमास लाईट, शिव मन्दिर व्यवस्थापन** |
| ४ | उपभोक्ता समिति संचालित आयोजनाहरु | १४० वटा | संचालित सबै आयोजनाहरु |

# क्षेत्रगत रुपमा सम्पन्न भएको आयोजना विवरण

| क.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास शाखाका तर्फ | ६६ वटा | |
| २ | पूर्वाधार विकास शाखाका तर्फ | ५७ वटा | ठेक्का सहित |
| ३ | सामाजिक विकास शाखाका तर्फ | २६ वटा | |
| ४ | वन तथा वातावरण तर्फ | ५ वटा | |
| ५ | सु-शासन तर्फका ओजनाहरु | १ वटा | |
| | **जम्मा** | **१५५ वटा** | |

# भौतिक प्रगती विवरण

| क्र.सं. | विवरण | ईकाइ | यस आ.व.मा |
|---|---|---|---|
| १ | नयाँ भवन निर्माण (विद्यालय तथा वडा कार्यालय | संख्या | ३ |
| २ | नयाँ सडक ट्र्याक ओपन | मिटर | १०७९० |
| ३ | सडक स्तर उन्नती | किलोमिटर | २५० |
| ३ | गोरेटो बाटो निर्माण | मिटर | ३०० |
| ४ | सिंचाई कुलो निर्माण | मिटर | १०१५८ |
| ४ | | | |

क्रमश :

| क्र.सं. | विवरण | ईकाइ | यस आ.व.मा |
|---|---|---|---|
| ६ | पाईप लाईन विस्तार | मिटर | ८५३९.९ |
| ७ | एकघर एक धारा जडान | संख्या | २६९ |
| ८ | पक्की नाला निर्माण | मिटर | १२५० |
| ९ | सिंचाई,रिचार्ज पोखरी | संख्या | ४ |
| १० | ग्याविन तार जाली | घ.मी. | ५६९.५ |
| ११ | वाल(मेशिनरी पलम,आर.सि.सि) | मिटर | ११०६ |

# क्रमश...

| क्र.सं. | विवरण | ईकाइ | यस आ.व.मा | कैफियत |
|---|---|---|---|---|
| १२ | तारजालि सहित घेरवार | मिटर | १०१३ | |
| १३ | शौचालय निर्माण | संख्या | ३ वटा | |
| १४ | सार्वजनिक भवन निर्माण( स्वास्थ्य,गाउँघर क्लिनिक,प्रतिक्षालय) | संख्या | ५ वटा | |
| १५ | विभिन्न मूर्ति, करुवा निर्माण | संख्या | ४ वटा | |

# रोजगार शाखा

- ५७ लाख ४४ हजार आठ सय बजेट मध्ये बाट काम गर्ने गरी रोजगार सेवा केन्द्रमा सुचिकृत ५१२५ जना मध्ये प्राथमिकिकरणका आधारमा ८६जनालाई १०० दिनको रोजगार प्रदान
- मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत २७६ जनालाई औसत २३ दिन रोजगारी प्रदान,५०२३ मिटर सिचाई कुलो निर्माण, १२९० रोपनी सिँचित क्षेत्र,
- पालिका भरिबाट संकलन भएका १०९७ जनाको निवेदन मध्ये हाल सम्म ७५६ जनाको निवेदनमा जम्मा १२३६ कित्ता जग्गाको नाप नक्सा कार्य सम्पन्न गरिसकिएको छ । अब ३४१ जनाको

- लक्षित वर्ग अन्तर्गतका जम्मा योजना तथा कार्यक्रम २३ वटा भएकोमा सबै योजना तथा कार्यक्रम कार्यान्वयन भएका ।
- 

# लक्षित वर्ग अन्तर्गतका कार्यक्रमबाट मुख्य उपलब्धीहरु

- विभिन्न विद्यालयमा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालन गरिएको
- १६ वटा सहकारीलाई क्षमता विकास सम्बन्धी तालिम प्रदान
- विभिन्न सञ्जालहरुको गठन(महिला,दलित,आदिवासी जनजाती,मुस्लिम) तथा क्षमता विकास सम्बन्धी तालिम
- विभिन्न प्रकृतिको अपागंता परिचय पत्र २८ जनालाई प्रदान गरिएको ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्य,

•विशेष किसिमको क्षमता भएका २७ जनालाई सहायता समाग्री वितरण

• २० जना महिलालाई स्यानीटरी प्याड निर्माण सम्बन्धी तालिम

•जनजातीहरुको मौलिक कला संस्कृति संरक्षण गर्न २५ सेट पोसाक खरिद तथा वितरण

## न्यायीक कार्य सम्पादनको अवस्था

•वडा स्तरमा मेलमिलाप कर्ताको व्यवस्था तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम सम्पन्न

• न्यायीक समितिमा दर्ता भएका उजूरीहरु मध्ये सबै उजुरीहरु फछ्र्यौट भएको ।

•उद्योग बाणिज्य अन्तर्गत ५५ वटा नयाँ व्यवसाय दर्ता, ७ वटा नयाँ उद्योग दर्ता

•२ पटक बजार अनुगमन गरिएको

•संकलन भएका १०९७ जनाको निवेदन मध्ये हाल सम्म ७५६ जनाको निवेदनमा जम्मा १२३६ कित्ता जग्गाको नाप नक्सा कार्य सम्पन्न गरिसकिएको छ।

# सेवा प्रवाह र सुशासनको अवस्था

•घुम्ती सेवा प्रवाह (राजस्व संकलन, योजना सञ्चालन, पशुपन्छीको उपचार, स्वास्थ्य सेवा)
•आयोजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गरिएको हुँदा असारमा भुक्तानी चाप न्युन हुन गएको ।साथै समयमै आयोजना भु
•कार्यालयमा चुस्त दुरुस्त रुपमा सेवा प्रवाह भैरहेको, निशुल्क फोटोकपि सेवा प्रदान
•अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई गरिएको,
•तेस्रो पक्षको सहभागितामा सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरिएको,
•अर्धवार्षिक तथा वार्षिक रुपमा प्रगति समिक्षा

- कार्यालयबाट प्रवाह गरिने सूचनाहरु सूचनापाटी, फेसबुक पेज, वेइबसाइट मार्फत प्रवाह गर्ने गरिएको ।
- खरिद प्रक्रियाका लागि Ebidding प्रणाली,सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS, आर्थिक व्यवस्थापन तथा राजस्व व्यवस्थापनका लागि SUTRA, स्वास्थ्य व्यवस्थापनका लागि EHIRRS, ELMIS प्रणालीको अवलम्बन गरिएको ।
- जनगुनासो संकलन तथा सम्बोधन गर्ने गरिएको

# अनुगमन र पारदर्शिताको अवस्था

•उपाध्यको संयोजकत्वमा गठित अनुगमन समितिले योजनाको समय समयमा अनुगमन गर्ने गरेको।
•आयोजनाको सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई गर्ने गरिएको ।
•अन्तिम विल तयार गर्दा विभिन्न व्यक्तित्वहरुको उपस्थितिमा संयुक्त नापजाँच गर्ने
•भुक्तानी पुर्व भुक्तानी दावि विरोधको सूचना प्रकाशन गर्ने गरिएको ।
•वार्षिक प्रगति प्रतिवेदन सूचना पाटी तथा फेसबुक पेज तथा वेइवसाइट मार्फत प्रकाशन गरिएको ।

# अन्तर सरकार समन्वय र सहकार्य

•शान्तिनगर गाउँपालिका,बबई गाउँपालिका, तुल्सिपुर उपमहानगरपालिका विच अन्तर निकाय समन्वय तथा सहकार्य हुने गरेको

•छत्रेश्वरी गाउँपालिका सँग सिमा जोडिएका विभिन्न वस्तिहरुमा सडक, खानेपानी सिचाई लगायतका संरचना निर्माण गर्दा एक अर्कामा समन्वय तथा सहकार्य हुने गरेको

•जिल्ला समन्वय समिति सँगको समन्वय समेत अनुगमन नियमन हुने गरेको,

•विभिन्न संघ संस्थाकोको सहकार्यमा शिक्षा, स्वास्थ्य तथा सामाजिक जागरण लगाएतका क्षेत्रमा कार्य हुने गरेको ।

# ऐन तथा कार्यविधि निर्माण र कार्यान्वयनको अवस्था

जम्मा ऐन १७ वटा
नियमावली ४ वटा
कार्यविधि ४७ वटा

## नविनतम अभ्यास, उदाहरणीय कार्यहरु र भावि योजना

- MBBS Doctor सहितको विशेषज्ञ सेवा प्रदान(भिडियो एक्सरे, एनालाइजर मेशिन, माइनर अप्रेसन, बिरामि भर्ना)
- EHIRRS System को व्यवस्था

•भुक्तानी दावी विरोधको सुचना प्रकाशन गर्ने गरिएको
•३६५ दिन नै स्वास्थ्य सस्था खुल्ला रहने ।
•सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा ।
• ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम ।
• कृषकको उत्पादन गाउँपालिकाको अनुदान अन्तर्गत प्रति के जी रु.२० अनुदान उपलब्ध गराइएको जसले गर्दा २,३६,३०,६२९|- रकम कृषकले प्राप्त गरेका ।

- कक्षा १-८ को स्थानीय पाठयक्रम तथा १-५ को पाठयपुस्तक निर्माण भई कार्यान्वयनमा आएको ।
- भुकम्प प्रतिरोधी घर् निर्माण सम्बन्धी तालिम
- आयोजनाहरु समयमै समपन्न ।

## भावि योजना

- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिबृद्धि सम्बन्धी तालिम कार्यक्रम समयमा सम्पन्न गरी कार्यसम्पादनमा देखिएका बाधा व्यवधानहरु समाधान गर्ने ।
- निर्माण गरिएको खरिद योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।आयोजनाहरु समयमै सम्पन्न गर्नको लागि उचित खरिद योजना अवलम्बन गर्ने ।
- घर नक्सा पास अनिवार्य कार्यान्वयन गर्ने ।